/ ०७७-४२०१३५
e-mail:- malpotarghakhanchi@gmail.com,

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय,अर्घाखाँची

सुद्धा फाँट

प.सं. :- ०८२/०८३
च.नं.: ८२३

मिति : २०८२।०६।१०

## विषय : हालसाविक गर्ने सम्बन्धी सूचना ।

यस अर्घाखाँची जिल्ला अन्तर्गत शितगंगा नगरपालिका वडा नं २ र ३ साविक सितापुर र ठाडा र मालारानी गाउँपालिका वडा नं. ८ साविक हंसपुर विशेष नापी कार्यालय, अर्घाखाँचीले पुनः नापीको कार्य सम्पन्न गरी जग्गाधनी श्रेस्ता र वितरण हुन बाँकी रहेका जग्गाधनी पूर्जा यस कार्यालयमा बुझाईसकेको हुनाले मिति २०८२।०६।२६ गतेबाट उक्त शितगंगा नगरपालिका वडा नं. २,३ र मालारानी गाउँपालिका वडा नं. ८ को जग्गा सम्बन्धी कुनै पनि कार्य गर्दा हाल–साविक (पूरानो श्रेस्ता पूर्जा खारेज र नयाँ श्रेस्ता पूर्जा कायम) गरी नयाँ जग्गाधनी श्रेस्ता र पूर्जाबाट गर्नुपर्ने भएको हुँदा जग्गा सम्बन्धी कुनै पनि कारोवार गर्न आउँदा देहायका प्रमाण कागजातहरु लिई हालसाविक गर्न आउनुहुन सम्पूर्ण सरोकारवालाहरुका साथै सम्बन्धित जग्गाधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## हालसाविक गर्न आउँदा ल्याउनुपर्ने प्रमाण कागजातहरु

- मालपोत कार्यालयबाट प्राप्त गरेको सक्कल जग्गाधनी प्रमाण पूर्जा,
- विशेष नापी कार्यालयबाट प्राप्त गरेको सक्कल जग्गाधनी प्रमाण पूर्जा,
- नेपाली नागरिकताको प्रमाणपत्र,
- मालपोत(तीरो) तिरेको रसिद,
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र,
- जग्गाधनी निवेदक स्वयम् उपस्थित हुनुपर्ने ।

(हस्ताक्षर)
भिमार्जुन भुसाल
मालपोत अधिकृ